**सम्मानित छैठौं गाउँ सभाका अध्यक्ष ज्यू,**
**सम्पूर्ण गाउँ सभा सदस्य ज्यू।**

सर्वप्रथम यस बागमती गाउँपालिका, मकवानपुरको छैठौं गाउँ सभाको यस अवसरमा ऐतिहासिक गौरवशाली १० वर्षे महान जनयुद्ध र ०६२/६३ को १९ दिने जनआन्दोलन तथा एकात्मक निरंकुशता राज्य सत्ता विरुद्ध इतिहासको विभिन्न कालखण्डमा शहादत प्राप्त गर्नु हुने नेपाली जनताका प्रिय ती महान ज्ञात अज्ञात शहिदहरु प्रति श्रद्धान्जली अर्पण गर्न चाहन्छु। उहाहरुले देख्नु भएका सपनाहरु स्मरण गर्न चाहन्छु। जनयुद्ध र जनआन्दोलनको वलमा नेपालको संविधान, २०७२ जारी भई उक्त शहिदहरुले संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको परिकल्पना गरे अनुरुप हाल तीन तहका सरकार क्रियाशील रहेका छन्। जनताको नजिकको स्थानीय सरकार बागमती गाउँपालिका पनि २०७३ साल फागुन २७ गते स्थापना भई विकासमा क्रियाशील रहेको व्यहोरा स्मरणार्थ निवेदन गर्न चाहन्छु।

मकवानपुर जिल्लाको सुदुर पुर्वमा पर्ने यस गाउँपालिकाले ३११.७९ वर्ग कि.मि. क्षेत्रफल ओगटेको छ। वि.स. २०६८ को जनगणना अनुसार यहाँको जनसंख्या ३०४९५ रहेको छ। भौगोलिक दृष्टिले यो गाउँपालिका विचित्र एवं कौतुहलता युक्त रहेको छ। दक्षिणमा चुरे पहाडको शृंखला, बीच भागमा भित्रि मधेश र उत्तरमा महाभारत लेकले विविधताको झल्को दिन्छ। विभिन्न जाती, जनजातीहरुको बसोबास रहेको यस पालिकामा प्रमुख जातीहरुमा तामाङ्ग, राई, मगर, माझी, पहरी, ब्राह्मण, क्षेत्री, दलित आदि पर्दछन। जातीय विविधता बीच एकता रहेको यस गाउँपालिका विभिन्न जातजातिको भेषभुषा, भाषा, धर्म, संकृतिले समृद्ध छ। विशाल राईगाउँ कृषि फाँट र फापरबारी फाँट जस्ता अनेकौ कृषि योग्य जमिनले कृषिमा आत्मनिर्भर गराउन मद्दत पुर्याउने छ। ऐतिहासिक पर्यटकीय दृष्टिले झुरझुरे शहिद पार्क गोल्मे राजाको दरबार, हात्तीढुंगा, गिदाह राजाको दरबारले यो पालिका गौरव गर्न लायक छ। हेटौडा-चतरा जोड्ने मदन भण्डारी लोक मार्गले पालिकाको समृद्धि र विकासमा महत्वपूर्ण भूमिका खेलेको छ। अनेकौ सम्पदा, वन जंगल, जडिबुटी, पवित्र बागमती नदीले यस पालिकाको महत्वलाई आड बढाएको छ।

यस छैठौं गाउँ सभामा उपस्थित सम्पूर्ण गाउँ सभा सदस्य ज्यूहरुलाई हार्दिक स्वागत गर्दै यहाँहरुको अमूल्य सुझाव र सदा झैं साथ र सहयोगको अपेक्षा गर्दछु। यस गरिमामय सभामा गाउँपालिकाले गत विगतमा गरेका विकास प्रयासको समिक्षा, आ.व. २०७७/०७८ को बजेट नीति तथा कार्यक्रम प्रस्तुत गर्न अनुमति चाहन्छु।

**विकासका चुनौतीहरु :**

१. भौगोलिक विकटता
२. अनुभवको कमि
३. नागरिक चेतनाको कमि
४. गरिवी, पछौटे पन
५. बेरोजगारी
६. युवा शक्ति विदेश पलायन
७. श्रोत साधनको अपर्याप्तता
८. श्रोत साधन समय मै उपलब्ध नहुनु
९. दक्ष जनशक्तिको कमि
१०. विश्वव्यापी कोभिडको महामारी
११. लकडाउन
१२. शिक्षा, स्वास्थ्य, खानेपानी सुलभता नहुनु
१३. भौतिक पूर्वाधारको कमि
१४. लक्षित वर्गलाई समावेशीकरण

**सम्भाव्यता/अवसर :**

१. चुनौतीलाई अवसरमा बदल्ने
२. विकटता अनुसार उपयुक्त विकासको खोजि
३. सिक्दै, अघि बढ्दै
४. नागरिक सचेतना
५. कृषि, उद्योग, पर्यटन, आय आर्जन, सीपमूलक तालिम मार्फत गरिवी र पछौटेपनको अन्य
६. युवा स्वरोजगार, वालवालिका, महिला, ज्येष्ठ, अपाङ्ग लक्षित वर्गको उत्थान
७. पूर्वाधार, विकास, समावेशीकरण विकास
८. श्रोत साधन, सम्पन्न, योग्यता, सीप क्षमताको विकास

**प्रमुख उपलब्धिहरु :**

- विद्युत विस्तार गरी विद्युत सुविधा नपुगेका साविक बेतिनी, राईगाउँ, फापरबारीका धेरै ठाउँहरुमा विद्युत विस्तार भई उज्यालो बागमतीको सार्थकता।
- भारी मेशिनरी औजारद्वारा आफ्नो विकासमा आत्मनिर्भर हुने प्रयासमा डोटे, भोर्लेनी, बेतिनी सडकमा Hard Rock कटिङ्ग गरी बाटो सहजता।
- शिक्षा तर्फ अनुदानमा शिक्षक नियुक्ति, विज्ञान प्रयोगशाला, ICT, भवन निर्माण।
  १) बागमती मा.वि.-विज्ञान प्रयोगशाला
  २) महाबुद्ध आ.वि.-भवन निर्माण
  ३) जनता मा.वि.-भवन निर्माण
  ४) ICT
- गरिव घर परिवार पहिचान, तथ्यांक संकलन विश्लेषण
- वेरोजगारको तथ्यांक संकलन, केहि हदसम्म रोजगारी
- शहिद सम्मान कार्यक्रम
- शहिद स्मारक पार्कको DPR
- रेडियो बागमती स्थापना अन्तिम चरणमा
- स्वास्थ्य भवन र स्वास्थ्य केन्द्र स्थापना वडा नं. १, ३, ४, ५, ७ र ८
- फर्सा सिंचाई योजना
- खेलकुद तर्फ बागमती गोल्ड कप, अध्यक्ष कप फुटबल प्रतियोगिता
- खेल मैदान – झुरझुरे, भौर्लेनी, घट्टेदमार, करौजे, जनता मा.वि. स्तरोन्नति।
- सडक तर्फ :
  १) अधेरी-चौडिक-तीन घरे-कुर्ले जोड्ने मोटरबाटो
  २) डोटे न्युरेनी सडक
  ३) लम्कना सात तले सडक
  ४) चिलिम थुम्का वलदेव सडक
  ५) फापरबारी, कायर हुँदै भवानीपुर जोड्ने सडक
  ६) फापरबारी-तीन तले भेडा बारी गुम्बा पिप्ले फाँट रातोमाटे सडक
  ७) कुटीभकारी देउजोर सडक
  ८) गुर्दुम गढन जाने सडक
- गा.पा. आवास गृह
- डिजेल पम्प
- फर्सेनी फापरबारी ठुलो गाउँ खानेपानी
- शाखाटार ठुलो दमार सुकानी खानेपानी
- गुर्दुम खहरे जिम्बा टोल वस्ती बचाउ तटबन्धन
- डकास खहरे नियन्त्रण तटबन्धन
- कटुसपानी वस्ती बचाउ
- परशुराम सिंचाई, सिन्धुरे सिंचाई
- जनता मा.वि. प्याराफिट निर्माण
- बाघ भैरव मा.वि. घेराबर निर्माण

## बागमती गाउँपालिकाको आ.व. २०७७/०७८ को नीति तथा कार्यक्रम :

करका क्षेत्रहरु:-

१. भूमि कर (मालपोत)।
२. घरजग्गा वहालहरु।
३. व्यवसाय कर।
४. वहाल विटोरी।
५. पार्किङ शुल्क।
६. जडीबुटी, जीवजन्तु कर।
७. सेवा सुल्क।

समिति :-

१. सार्वजनिक सेवा तथा क्षमता विकास समिति।
२. आर्थिक विकास समिति।
३. पूर्वाधार विकास समिति।
४. वातावरण तथा वित्तिय व्यवस्थान समिति।
५. विधायन समिति।

क्षेत्रहरु :-

**आर्थिक विकास**

- कृषि।
- उद्योग तथा वाणिज्य।
- पर्यटन।
- सहकारी।
- वित्तिय क्षेत्र

**सामाजिक विकास :-**

- शिक्षा।
- स्वास्थ्य।
- खानेपानी तथा सरसफाई।
- साँस्कृतिक प्रवर्द्धन।
- लैंगिक समानता, सामाजिक समावेशीकरण।

**पूर्वाधार विकास :-**

- सडक।
- पुल।
- सिंचाई।
- भवन तथा सहरी विकास।
- उर्जा, लघु तथा सानो जलबिद्युत।
- बैकल्पिक उर्जा, सिंचाई।

**वातावरण तथा विपद व्यवस्थापन :-**

- वन तथा भूमि संरक्षण।
- जलाधार संरक्षण।
- वातावरण संरक्षण।
- जलवायु परिवर्तन।
- फोहोरमैला व्यवस्थापन।
- ल्याण्ड फिल साईट।

- जल उत्पन्न प्रकोप नियन्त्रण।
- विपद व्यवस्थापन।
- वारुण यन्त्र।

**संस्थागत विकास तथा सेवा प्रवाह :-**

- मानव स्रोतसाधन विकास।
- संस्थागत क्षमता विकास।
- संस्थागत पूर्वाधार विकास।
- नागरिक वडापत्र।
- टोकन प्रणाली।
- सेवा प्रवाहक मापदण्ड निर्धारण।
- सेवा प्रवाहहरुमा विद्युतीय सूचना प्रविधिको विकास।

**वित्तिय व्यवस्थापन र सुशासन :-**

- लेखांकन।
- राजस्व परिचालन।
- वित्तिय अनुशासन।
- वित्तिय जिखिंम न्यूनीकरण।
- सार्वजनिक सुनुवाई।
- सामाजिक परिकक्षण।
- आ. ले. प.।
- आन्तरिक नियन्त्रण प्रणाली।
- अन्तिम लेखा-परिक्षण।
- वेरुजु फछ्र्यौट तथा संचार व्यवस्थापन।

**तर्जुमाका आधारहरु :-**

१. नेपालको संविधानको अनुसूची ८ र ९ मा उल्लेखित एकल तथा समान अधिकारको सुची।
२. आवधिक योजनाले लिएको नीति तथा कार्यक्रमहरु।
३. संघीय तथा प्रदेश सरकारले बेलाबखत जारी गरेको निर्देशिका, परिपत्रहरु।
४. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जगतमा गरेका प्रतिबद्धताहरु।
५. गाउँपालिकाले जारी गरेको ऐन, नियम, तथा निर्देशिकाहरु।
६. स्थानीय सरकार संचालन एन।
७. संघिय सरकारको बजेट तर्जुमाको नीति तथा निर्देशन

**प्राथमिकता :-**

१. श्रम मुलक, गरिवी निवारणमा प्रत्यक्ष सघाउ पुर्याउने।
२. वातावरनीय सन्तुलन कायम् राख्ने।
३. छिटो प्रतिफल तथा उत्पादनमुखी ।
४. साहित्य, कला, संस्कृतिको प्रवर्दन तथा संरक्षणमा ।
५. विपद व्यवस्थापन तथा विपद न्यूनीकरण।
६. भौतिक पूर्वाधार, शिक्षा, स्वास्थ्य खानेपानी, विजुली तथा संचार।
७. सहकारीको विकास।
८. जनसहभागिता।
९. लैंगिक मूल्य प्रवाहीकरण।

विकासका आयामहरू:-

१. भौतिक पूर्वाधार, दिगो विकास।
२. समावेसी विकास।
३. बाललमैत्री, अपांग, ज्येष्ठ नागरिक, दलित, आदिवासी, तथा पिछडिएका जतिको उत्थान।
४. उर्जा, वैकल्पिक, उर्जा।
५. लैंगिक सशक्तीकरण।
६. कृषि तथा पशु क्षेत्रको बिकास।
७. जलवायु परिवर्तन।
८. विपद व्यवस्थापन।

नीति:-

१. आर्थिक विकासको माध्यमबाट गरिवी न्यूनीकरण र वेरोजगारीकोको समस्या समाधानमा सघाउ पुर्याउने।
२. सामाजिक विकासको माध्यमबाट शिक्षा, स्वास्थ्य, खानेपानी, सरसफाई, सांस्कृति प्रवर्द्धन, लैंगिक समानता तथा समावेशीको नीति अवलम्बन गर्ने।
३. पूर्वाधार विकासको माध्यमबाट सडक, पुल, सिंचाई, भवन तथा सहरी विकास गर्ने।
४. वातावरण तथा विपद व्यवस्थापनको माध्यमबाट दिगो विकास गर्ने।
५. वित्तीय व्यवस्थापन र सुशासनलाई कडाई साथ पालना गर्ने।
६. संस्थागत सुधार विकास तथा सेवा प्रवाह चुस्त र सरलीकरण गर्ने।

**रणनीति तथा कार्यक्रमहरु:-**

**पूर्वाधार विकास :**

१. सडक मापदण्ड कायम गर्दै भित्रि सडकहरू न्युनतम ६ मिटर र मुख्य सडकसंग जोडिएका सडकहरु ८ फिट, ११ फिट र मूल सडकहरुको १६ फिट सडक मापदण्ड कायम गरिनेछ।
२. आगामी आ.व. मै क्रसर उद्योग स्थापना गर्न प्रयत्न गरिनेछ।
३. सडक स्तरोन्ति गरिनेछ, सडकमा नालीको व्यवस्था तथा ग्राबेल गर्ने कार्यलाई निरन्तरता दिइनेछ।
४. आवश्यकीय सडकमा DPR तयार गरिनेछ। कालोपत्रे सडक, ढलान सडक क्रमशः कार्यन्वयन गर्दै लगिनेछ।
५. खेतीयोग्य जमिनमा सिंचाईको लागि कुलो, ह्युम पाइप वितरणमा जोड दिइनेछ साथै बोरिङको क्रमशः व्यवस्था गरिनेछ।
६. भवन तथा सहरी विकास मापदण्ड आचार संहिता २०७२ बमोजिम पालिका क्षेत्र भित्र बन्ने घरहरुमा नक्सा पास गरेर मात्र घर बनाउन स्वीकृति दिईने छ।
७. सोलार र हावाबाट विजुली उपकरणको मर्मत , गोवर ग्यास प्लान्ट बनाउन प्रोत्साहन गरिनेछ।
८. रेडियो बागमती स्थापना गरि संचारमा नागरिकताको पहुँच पुर्याउनेछ। इन्टरनेट सेवालाई विस्तार गरिनुको साथै बागमति गा.पा. को विकास गतिबिधि रेडियो बागमती मार्फत जनता समक्ष पुर्याउनेछ।
९. रेडियो बागमती मार्फत जनतासंग अध्यक्ष कार्यक्रम संचालन गरिने छ।

**प्राकृतिक श्रोत संरक्षण तथा विपद व्यवस्थापन :**

१. वनजंगल संरक्षण , ग्याविन जाली तथा वृक्षारोपणलाई प्रभावकारी बनाइनेछ।
२. ठुला पूर्वाधारहरु निर्माण पूर्व IEE गरिने छ।
३. आगलागी जस्तो विपद न्यूनीकरणको लागि दमकलको व्यवस्था गर्न सम्वन्धित निकायमा पहल गरिने छ।
४. विपद व्यवस्थापन कोष स्थापना गरी विपदको समयमा उक्त कोष परिचालन गरिने छ।
५. जल प्रकोप नियन्त्रण गर्न मेस, जाली स्पड आदि बनाउन प्रयत्न गरिने छ।
६. विकासलाई वातारणसंग जोड्दै एक अर्काको परिपुरकको रुपमा लिईने छ।
७. फोहोरमैला व्यवस्थापनको लागि ल्याण्ड फिल्ड साइट बनाउने जग्गाको खोजि गरी पुर्वाधार निर्माण तर्फ जोड दिईने छ। प्रभाव मूल्यांकन गर्न EIA मा जोड दिईने छ।
८. जडिबुटी पहिचान/संरक्षणमा जोड दिईने छ।
९. विपदमा सरकारी गैरसरकारी निजि क्षेत्रसंग समन्वय सहकारी गरी विपद व्यवस्थापन र जोखिम न्यूनीकरण गरिने छ।
१०. विपद व्यवस्थापनमा निजि, गैर सरकारी क्षेत्रसंग समन्वय र सहकार्य गरिने छ।

**संस्थागत विकास तथा सेवा प्रभाह :**

१. गाउँपालिकाको पूर्वाधार विकासमा आफ्नै Heavy Equipment प्रयोग गर्दै श्रोत साधनमा आत्मनिर्भर हुँदै जाने नीति अवलम्बन गरिने छ ।
२. आगामी आ.व.मा सुविधा सम्पन्न गा.पा. भवन निर्माणको लागि प्रयत्न गरिने छ ।
३. गा.पा.को आवास निर्माणलाई निरन्तरता दिईने छ । सुविधा सम्पन्न गेस्ट रुम बनाईने छ ।
४. समग्र मानवीय विकासको अवधारणालाई आत्मसात गरिने छ ।
५. गा.पा.को संस्थागत क्षमता विकास गर्न श्रोत साधनले सम्पन्न प्रविधि मैत्री सूचना मैत्री अवधारणा लागु गरिने छ ।
६. Help Desk को स्थापना गरी सेवा प्रवाहमा सरलीकृत गरिने छ ।
७. सेवा प्रभाहमा विद्युतीय सूचना प्रणाली अवलम्बन गर्दै Software मार्फत data को भण्डारण, तथ्यांक संकलन, विश्लेषण जस्ता कार्य गरिने छ ।
८. आम्दानी खर्चलाई पारदर्शी बनाई राजश्व दायरा फराकिलो पार्दै राजश्व चुहावट न्यूनीकरणमा प्रयत्न गरिनेछ ।
९. लेखा प्रणालीलाई व्यवस्थित बनाई बेरुजु फर्छ्यौटलाई तदारुकता साथ अगाडी बढाईने छ ।
१०. सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण मार्फत जनता सुसुचित हुने अधिकारमा जोड दिईने छ ।
११. संचार सेवालाई चुस्त दुरुस्त गरिने छ । संचार प्रविधिमा जोड दिईने छ ।
१२. आ.व. २०७७/०७८ देखि ऐलानी जग्गामा हक भोग गरी बनाईएका घर टहराहरुमा वहाल विटौरी कर लगाईने छ । व्यक्तिले भोग चलन गरेको ऐलानी जग्गाको नाप नक्सा गरी लगत संकलन गर्ने कार्यलाई निरन्तरता दिईने छ । लाल पूर्जा उपलब्धताको लागि सम्वन्धित निकायमा पहल गरिने छ ।
१३. पालिकाको कार्य सम्पादनमा इमान्दार लगनशील भई कार्य सम्पादन गर्ने उत्कृष्ट कर्मचारीहरुलाई पुरस्कृत गर्ने नीति अवलम्बन गरिने छ ।

**सहकारी**

१. सहकारीताको चेतना अभिवृद्धि, तथ्यांक व्यवस्थापन, सहकारी दर्ता, नवीकरण र खारेजी गरिने छ । सहकारीको संरक्षण र प्रवर्द्धन गरिने छ । साथै सहकारी संस्थाको क्षमता अभिवृद्धिमा जोड दिईने छ ।

**शान्ति सुरक्षा :**

१. गाउँपालिकाको सुरक्षाको लागि पोशाकयुक्त सुरक्षा गार्डको व्यवस्था गरिने छ ।
२. स्थानीय मेला जात्राको व्यवस्थापन र सुरक्षा गरिने छ ।
३. अनाधिकृत निर्माण सार्वजनिक सम्पत्ति अतिक्रमणको रोकथाम र नियन्त्रण गरिने छ ।

**स्थानीय सेवा शुल्क :**

१. ढुंगा गिट्टी वालुवा जस्ता नदिजन्य पदार्थको उत्खनन र वेचविखन प्रचलित कानून बमोजिम राजश्व संकलन गर्दै राजश्वलाई प्रभावकारी रुपमा परिचालन गरिने छ ।

**जनशक्ति विकास र व्यवस्थापन :-**

१. जनशक्तिको क्षमता अभिवृद्धि र कार्य सम्पादन छिटो छरितो बनाउन वृद्धि विकासका अवसरमा जोड दिईने छ ।
२. समायोजन भई आएका जनशक्ति व्यवस्थापन र उपभोगमा जोड दिईने छ ।

**तथ्यांक संकलन :**

१. व्यक्तिगत घटना दर्तालाई सरल बनाई गरिव घर परिवार पहिचान र बेरोजगारी नागरिकको तथ्यांक संकलन गरिने छ ।

**आयोजना तथा परियोजना :**

१. विकास आयोजना प्रभावकारी अनुगमन, मूल्यांकन गरी सम्पन्न आयोजनाको स्थानीय उपभोक्तालाई संरक्षण र संवर्द्धन एवं उपभोगको लागि हस्तान्तरण गरिने छ ।
२. विकास आयोजनाहरुको समय मै नापजाँच कार्य सम्पन्न प्रतिवेदनमा प्राविधिक कर्मचारीहरुलाई परिचालन गरिने छ ।
३. वडा वडामा रहने गरी प्राविधिक र अन्य सेवाका कर्मचारीहरु क्रमश: खटाउने व्यवस्था गरिने छ ।
४. प्रचलित कानून बमोजिम सहरी विकास भवन निर्माण नीति कानून मापदण्ड लागू गरिने छ ।

५. राष्ट्रिय भवन आचार संहिता बमोजिम भवन निर्माणको लागि नक्सा पासको अनुमति, अनुगमनमा जोड दिईने छ ।
६. सार्वजनिक निर्माणको लागि "घ" वर्गको निर्माण इजाजत पत्र जारीमा निरन्तरता दिईने छ ।
७. विकास आयोजनालाई वातावरणसंग जोडेर विकास कार्य अगाडी बढाईने छ ।

**शिक्षा :**

१. गाउँपालिका क्षेत्र भित्र रहेका विद्यालयहरुमा प्राविधिक, व्यावसायिक शिक्षामा जोड दिईने छ ।
२. विद्यालयको दरबन्दी मिलान कार्यलाई कार्यन्वयनमा ल्याईने छ ।
३. प्रारम्भिक वाल विकास शिक्षकको पारिश्रमिक वृद्धि, विकास र वैकल्पिक निरन्तर सिकाईलाई जोड दिईने छ ।
४. सामुदायिक विद्यालयको अनुमति संचालनलाई निरन्तरता दिईने छ ।
५. विद्यालयको गुणस्तर वृद्धिमा पहल गरिने छ ।
६. छात्रवृत्ति, आधारभूत तहको परीक्षा संचालन व्यवस्थापन गरिने छ ।
७. विद्यालयको आय व्ययको लेखा परीक्षण आर्थिक अनुशासन कायम गर्न जोड दिईने छ ।
८. शैक्षिक अनुगमनलाई प्रभावकारी बनाईने छ ।
९. प्रचलित कानून बमोजिम शिक्षा क्षेत्रमा प्राप्त अधिकारको प्रयोगमा जोड दिईने छ ।
१०. शैक्षिक विकासको लागि अनुदानमा नियुक्त गरिएका शिक्षकहरुको नियुक्ति थप निरन्तरता, शैक्षिक पूर्वाधारको विकास, वैकल्पिक सिकाई , वैकल्पिक सिकाई केन्द्रको विकास, शिक्षामा खेलकुद आदि जस्ता क्रियाकलापलाई प्राथमिकता दिईनेछ ।

**स्वास्थ्य तथा सरसफाई :**

१. नागरिकका प्रजनन स्वास्थ्यका कार्यक्रमहरु संचालन गरिने छ । सरसफाई, पोषण जस्ता कार्यक्रमहरु मार्फत स्वस्थ नागरिकहरु बनाउन प्रयत्न गरिने छ ।
२. सवै वडामा स्वाथ्य केन्द्रको स्थापना र संचालन गरिने छ ।
३. परिवार नियोजन, मातृशिशु कल्याण जस्ता कार्यक्रमलाई बस्ती टोल घर स्तरमा पुर्याईने छ ।
४. स्वास्थ्य स्वयं सेविकाको मनोवल उच्च राख्न प्रयत्न गरिने छ साथै थप स्वास्थ्य स्वयं सेविका भर्ना गरिने छ ।
५. स्वास्थ्य संस्थाको भौतिक पूर्वाधार विकास, मर्मत, संरक्षण गरिने छ ।
६. सरसफाई सम्वन्धि जनचेतनाका कार्यक्रमहरु संचालन गरिने छ ।
७. Covid-19 लगायत संक्रमण रोगहरुको नियन्त्रणको लागि क्वारेन्टाइन, आईसोलेसन कक्षलाई बढाउनुको साथै स्तरोन्नति गरिनेछ । स्वास्थ्यकर्मी र अन्य कर्मचारीको मनोबल उच्च राख्न प्रयत्न गरिनेछ ।
८. स्वास्थ्य संस्थाको औषधिको कमि हुन नदिन समयमै अषधिको आपूर्ति गरिनेछ । स्वस्थता संस्थाको संस्थागत सुधार लगायत काम गरिनेछ ।

**स्थानीय बजारको अनुगमन :**

१. स्थानीय बजारहरुको मूल्य नियन्त्रण, बजारको प्रभावकारी अनुगमन गरिने छ । अखाद्य वस्तु, म्याद नाघेका वस्तु बेचविखन गरेको पाईएमा कानून बमोजिम कारवाही गरिने छ ।
२. स्थानीय हाट बजारको व्यवस्थापन गरिने छ ।
३. स्थानीय सडक, कृषि सडक निर्माण र स्तरोन्नति गरिने छ ।

**न्यायिक समिति सम्वन्धि :**

१. न्यायिक समितिलाई अझ बढी प्रभावकारी बनाईने छ । प्राप्त अधिकार अनुसार न्याय सम्पादन छिटो छरितो गरी न्यायिक अधिकारलाई सुनिश्चितता गरिने छ ।
२. न्यायिक समिति तथा वडा वडामा रहेका मेल मिलाप केन्द्रलाई सक्रिय बनाउन प्रयत्न गरिने छ ।

**अभिलेख व्यवस्थापन :**

१. गाउँपालिका अन्तर्गतका वडा कार्यालयहरुमा क्रमश: प्रविधि मैत्री अभिलेख व्यवस्थापन गरिने छ ।

कृषि र पशु :

१. महामारी रोगको नियन्त्रण गर्न कृषि, पशु प्राविधिक गाउँ, टोल, वस्ती, घर घरमा परिचालन गरिने छ। त्यस्ता रोगहरु नियन्त्रण गर्न प्रयत्न गरिने छ।
२. नश्ल सुधारका कार्यक्रमहरु संचालन गरिने छ।
३. थप दुग्ध चिस्यान केन्द्र स्थापनाको सम्भाव्यता अध्ययन गरिने छ।
४. पशु विमा कार्यक्रम संचालन गरिने छ।
५. गाउँपालिकाका उपयुक्त स्थानहरुमा सम्भाव्यता अध्ययन गरी कृषि संकलन केन्द्र स्थापना गर्न प्रयास गरिने छ।
६. कृषि क्षेत्रको विकासको लागि मल, विउ, वितरण, टनेल वितरण, रोग किराको नियन्त्रण, बोरिङ वितरण, स्यालो ट्युववेल, ह्युम पाईप वितरण जस्ता कार्य गरी कृषि क्षेत्रलाई उत्पादन मुखी र व्यवसायीकरण गरिदै लगिनेछ।
७. साना तथा घरेलु उद्योग स्थापनालाई जोड दीई उद्योग दर्ता सरलीकरण गरिनेछ।
८. बाँझो जमिनलाई उत्पादनमुखी गरौं फलफुल खेती, तरकारी खेती, कृषि उत्पादन गर्न प्रोत्साहन र पहल गरिनेछ। साथै बाँझो पर्ती एवं नदी उकास जग्गाहरुमा फलफुल तरकारी खेतीका लागि निजि गैरसरकारी क्षेत्रसंग सहकार्य समन्वय र जग्गा लिज दिने व्यवस्था गरिने छ।
९. पशु क्षेत्रको विकासको लागि पाठापाठी वितरण, वोयर बोका वितरण , कागती खेती, फलफूल खेती , बंगुर पालन र वितरण गर्नुको साथै पशु फर्मको विकास तथा दर्ता गरी दुध, माछा, अण्डामा आत्मनिर्भर हुने गरी नीति तथा कार्यक्रम अवलम्बन गरिनेछ।
१०. कृषक समूहको गठन र परिचालन गरिने छ।

बेरोजगारी :

१. स्वदेशी वैदेशिक श्रमिकको तथ्यांक संकलन गरिने छ।
२. प्रधानमन्त्री रोजगार कार्यक्रमलाई निरन्तरता दिईने छ।

**भाषा संस्कृतिको विकास :**

१. संकृति संरक्षण तथा प्रवर्द्धनको लागि मठ मन्दिर गुम्बाको निर्माण तथा संरक्षण गरिने छ।
२. विभिन्न जातजातिको भाषा र संस्कृतिको संरक्षण र संवर्द्धन गरिने छ।

खेलकुद :

१. खेलकुदको विकास र प्रवर्द्धनको लागि खेलकुद प्रशिक्षक नियुक्ति गरी निरन्तर खेलकुद अभ्यास गराईने छ।
२. बागमती गोल्ड कपलाई निरन्तरता दिईने छ।
३. खेलकुद पूर्वाधारको विकास गरिने छ।
४. खेलकुद सामग्री वितरण गरिने छ।

**विद्युत तथा वैकल्पिक उर्जा :**

१. सम्पूर्ण गाउँपालिका भरी विद्युत लाइन नपुगेको घरहरुमा विद्युत विस्तार गरी उज्यालो बागमतीको नारालाई पूरा गरिनेछ।
२. सोलार वितरण, गोबर ग्यास प्लान्ट निर्माणमा प्रोत्साहन र हावाबाट बिजुली निकाल्ने उपकरणको मर्मत गरिने छ।

**सामाजिक सुरक्षा गरिवी निवारण तथा सामाजिक समावेशीकरण :**

१. १० वर्षे एतिहासिक महान जानयुद्ध र १९ दिने ०६२/६३ को जनआन्दोलन र बेलाबेलामा भएका निरकुंशता विरोधी आन्दोलनमा शहादत प्राप्त गर्ने ति महान योद्धा सहिदहरुलाई गा.पा. को हरेक कार्यक्रममा स्मरण गर्दै उनीहरुको सपना पुरा गर्न हरसम्भब प्रयास गरिनेछ। सहिद परिवारको सम्मान कार्यक्रमलाई निरन्तरता गर्दै जिल्लास्तरमा विस्तार गरि सम्मान गरिनेछ, सोको लागि आवश्यक रकम विनियोजन गरिनेछ।
२. लैंगिक असमानताको ख्याल गर्दै लैंगिक समावेशीकरण , सामाजिक समावेशीकरणलाई जोड दिईनेछ। महिला मैत्री वातावरण , महिला सशक्तिकारण , लैंगिक समानतामा आधारित कार्यक्रमहरु संचालन गरिनेछ।
३. अपाङ्ग परिचय पत्र वितरण कार्यलाई निरन्तरता दिईने छ। ज्येष्ठ नागरिकहरुको सम्मान कार्यक्रम संचालन गरिने छ।
४. ज्येष्ठ र अपाङ्ग नागरिकहरुको तथ्यांक संकलन गरिने छ।
५. लक्षित वर्गको योजना कार्यक्रम संचालन गरिने छ।

बागमती गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय फुरफुरे, मकवानपुर बागमती प्रदेश, नेपाल

६. गरिव घर पहिचान गरी उपयुक्त कार्यक्रम संचालन गरिने छ।
७. वाल मैत्री गाउँपालिका बनाउन आवश्यक कार्यक्रम संचालन गरिने छ।
८. महिला सशक्तिकरणको आवश्यक कार्यक्रम संचालन गरिने छ।

**व्यक्तिगत घटना :**

१. व्यक्तिगत घटना दर्तालाई क्रमश: अनलाईन रुपान्तरण गरिने छ।

**संचार :**

१. हरेक नागरिकहरुलाई संचार सुविधाको लागि इन्टरनेटमा पहुँच पुर्याउन सम्वन्धित निकायहरुसंग पहल गरिनेछ।
२. विकासका गतिविधिमा जनताको पहुँचमा वृद्धि गरी अध्यक्षसंग बागमती वासीका नागरिकहरुसंग कार्यक्रम संचालन गरीनेछ।
३. रेडियो बागमतीको स्थापना र संचालन गरिनेछ।
४. संघीय संघ, प्रदेशको कानुनको आधारमा इन्टरनेट सेवा, टेलिसेन्ट, केबुल र तारविहीन टेलिभिजन प्रसारणको अनुमति नियमन नवीकरण गरिनेछ।

**घरेलु तथा साना उद्योग प्रवर्द्धन :**

१. घरेलु तथा साना उद्योग प्रवर्द्धन गर्न जोड दिईनेछ साथै उद्यमशीलयुक्त नागरिक उत्पादन गर्न प्रयत्न गरिनेछ।
२. साना तथा घरेलु उद्योगको दर्ता, नवीकरण, नियमन, खारेजी आदि गरिने छ।

**पर्यटन र वित्तिय क्षेत्र :**

१. पर्यटकीय क्षेत्रको विकासको लागि शहिद स्मारक पार्कको पूर्वाधार निर्माण, पर्यटकीय पूर्वाधार निर्माणमा प्रथामिकता दिईनेछ।
२. सहकारी संस्थाको विकास र प्रवर्द्धनको लागि सहकारिताको उधेश्यकोलागि चेतनाको अभिवृद्धिमा जोड दिएनेछ।
३. वित्तीय क्षेत्रको विकासको लागि छरिएर रहेको पुँजी संकलन, ऋण प्रवाह आदिमा बैंक, वित्तीय संस्था तथा सहकारीलाई प्रोत्साहन गरिनेछ।
४. पर्यटकीय क्षेत्रको विकासको लागि लिती अमले चौरको पूर्वाधार निर्माणमा प्रयास गरिने छ, साथै ऐतिहासिक पर्यटकीय सम्भावना बोकेको गोल्मे दरबार र ड्डोटे View Tower को विस्तृत DPR तयार गरिने छ।

**स्वच्छ खानेपानी :**

१. स्वच्छ तथा सफा खानेपानी नागरिकलाई उपलब्ध गराउन ट्युबवेल, धारा तथा लिफटिङ खानेपानीमा जोड दिईनेछ।
२. खानेपानीको मुहान संरक्षण तथा सरसफाईमा जोड दिईनेछ।
३. ट्यांकी निर्माण , पाईप आदिको व्यवस्था गरिनेछ।

धन्यवाद।

संयोजक/उपाध्यक्ष
धनमाया स्याङतान
बजेट तथा कार्यक्रम तर्जुमा समिति

| | | गापा | वडा १ देखि ९ सम्म | | | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | आर्थिक विकास | २०९०००००।०० | ४४५००००।०० | | | २५३५००००।०० |
| | कृषि पशु पन्छी विकास | ११३०००००।०० | ९०००००।०० | | | १२२०००००।०० |
| | जलश्रोत तथा सिंचाई | २१०००००।०० | ३५५००००।०० | | | ५६५००००।०० |
| | पर्यटन | ७५०००००।०० | ०।०० | | | ७५०००००।०० |
| | | | | | | |
| २ | सामाजिक विकास | ३४८५४०००।०० | १६६७५०००।०० | | | ५१५२९०००।०० |
| | खानेपानी तथा सरसफाई | ४१०००००।०० | १०९५००००।०० | | | १५०५००००।०० |
| | भाषा तथा संस्कृति | २८०००००।०० | २४०००००।०० | | | ५२०००००।०० |
| | खेलकूद | ५५०००००।०० | ११७५०००।०० | | | ६६७५०००।०० |
| | शिक्षा | १७९५४०००।०० | १६५००००।०० | | | १९६०४०००।०० |
| | स्वास्थ्य | ४५०००००।०० | ५०००००।०० | | | ५००००००।०० |
| ३ | पूर्वाधार विकास | ४५५००००००।०० | १९६०००००।०० | | | ६५१०००००।०० |
| | उर्जा | ३००००००।०० | ३०००००।०० | | | ३३०००००।०० |
| | भवन, आवास तथा सहरी विकास | २३००००००।०० | ७१५००००।०० | | | ३०१५००००।०० |
| | यातायात/सडक पूर्वाधार | १९५०००००।०० | १२१५००००।०० | | | ३१६५००००।०० |
| | | | | | | |
| ४ | सूशासन तथा अन्तर्सम्बन्धित क्षेत्र | १११०००००।०० | ४२७५०००।०० | | | १५३७५०००।०० |
| | विपद व्यवस्थापन | ५७०००००।०० | ३३२५०००।०० | | | ९०२५०००।०० |
| | शान्ति तथा सूव्यवस्था | ५४०००००।०० | ९५००००।०० | | | ६३५००००।०० |
| | | | | | | |
| ५ | कार्य सञ्चालन तथा प्रशासनिक क्षेत्र | १४१९२४४४०।०० | ०।०० | | | १४१९२४४४०।०० |
| | | २५४२७८४४०।०० | ४५००००००।०० | | | २९९२७८४४०।०० |

| | |
|---|---|
| संघीय सरकार सशर्त अनुदान | १९८९०००००।०० |
| प्रदेश सरकार सशर्त अनुदान | १४४४६०००।०० |
| जम्मा बजेट | ५१२६२४४४०।०० |

बागमती गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भुरभुरे, मकवानपुर
बागमती प्रदेश, नेपाल